**N. Amatya & Co.**
Chartered Accountants

Fourth Floor,
Gajendra Bhawan
1784/42 Ramshah Path
Kathmandu, Nepal

## प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेडको
## शेयरधनी महानुभावहरु समक्ष
## लेखापरीक्षकको प्रतिबेदन

१. बित्तिय बिवरण माथीको प्रतिबेदन

हामीले **प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेडको** यसैसाथ संलग्न बित्तिय बिवरणहरु २०७१/०३/३२ (१६ जुलाई २०१४) को वासलात, र सोही मितिमा समाप्त बर्षको बिस्तृत नाफा नोक्सान हिसाब, ईक्वीटीमा भएको परिवर्तनको बिवरण तथा नगद प्रवाह बिवरणका साथै अपनाइएका मुख्य मुख्य लेखा निती अन्य बिश्लेशण युक्त जानकारी समावेश छ को लेखापरीक्षण गर्यौ ।

*२. बित्तिय बिवरण प्रति ब्यवस्थापनको उत्तर दायित्व*

नेपाल लेखापरीक्षण मान् अनुसार वित्तीय बिवरणहरु उपयुक्त तरिकाले तयार गरी सारभुत रुपमा ठिकसित प्रस्तुतीकरण गर्नु ब्यवस्थापनको उत्तर दायित्व हो र जाल साजी वा गल्तीबाट बित्तिय बिवरणमा समावेश आकडा गलत नहोस भन्ने हेतु ब्यवस्थापनबाट आन्तरिक नियन्त्रणको आवश्यक ब्यवस्था गर्नु पर्दछ ।

*३. लेखापरिक्षकको उत्तरदायित्व*

हाम्रो उत्तरदायित्व वित्तिय बिवरण प्रति आफ्नो मन्तव्य जाहेर गर्ने हो । हामीले नेपाल लेखापरीक्षणमान् अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौ । उक्त लेखामान्‌बाट तोकेको आचारसंहिता पालना गर्दै वित्तिय बिवरण सारभुत रुपमा गलत आंकडा रहित छ भन्ने कुरामा बिश्वस्त हुन लेखापरीक्षणमान् अनुसार लेखापरीक्षण योजना तयार गरी सो अनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ ।

वित्तिय विवरणका आंकडा तथा खुलाइएका अन्य विवरणलाई पुस्ट्याई गर्ने प्रमाण प्राप्त गर्ने बिधी लेखापरीक्षणमा अपनाएको हुन्छ । लेखापरीक्षणमा अपनाउने बिधीको चुनाव हाम्रो फैशलामा निर्भर गर्दछ र सोही बिधीको आधारमा हामीले जालसाजी वा गल्तीको जोखिमबाट सारभुतरुपमा वित्तिय विवरणका आंकडाहरु गल्ती रहित छ भन्ने ब्यहोरा निर्धारण गर्दछ । उल्लेखित जोखिम निर्धारण गर्दा कम्पनीको बित्तिय बिवरणको तयारी र खुलाइएका बिवरण सम्बन्धमा अपनाएको आन्तरिक नियन्त्रणको प्रभावकारीताको विचार गरी मौजुदा परिस्थिती अनुसार लेखापरीक्षण विधी तयार गर्दछ । तर यस्ले कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली कती प्रभावकारी छ भन्ने धारणा प्रस्तुत गर्नको लागी हुने छैन । कम्पनीले अवलम्बन गरेको लेखासिद्धान्तको उपयुक्तता ब्यवस्थापनकले गरेको वित्तिय अनुमानको औचित्यताका साथै वित्तिय बिवरण प्रस्तुतीको समग्र स्थितीको मुल्यांकन पनी लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणमा उपलब्ध गरेका जानकारीले हाम्रो मन्तब्यलाई प्रर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

*४. मन्तब्य*

हाम्रो रायमा संलग्न बित्तिय बिवरणहरुले सोहीसाथ संलग्न लेखा निति तथा लेखासंग सम्बन्धित टिप्पणीहरुका साथै अध्ययन गर्दा प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेडकोको २०७१ आषाढ ३२ गतेको वित्तिय स्थिती, सो मितिमा समाप्त भएको आर्थिक बर्षको सचालन नतिजा र नगद प्रवाहको उचित तथा यथार्थ चित्रण गरेको र यी बिवरणहरु नेपाल चार्टर्ड एकाउन्टेण्टस् संस्थाबाट जारी नेपाल लेखामान, लेखाको सर्वमान्य सिद्धान्त तथा प्रचलन अनुसार र कम्पनी ऐन २०६३, बिमा ऐन २०४९ र नियमावली, २०४९ बमोजिम अनुसार ठिकसंग तयार गरिएका छन् ।

*५. अन्य कानुनी तथा नियमनकारीको आवश्यकता माथीको प्रतिबेदन*

माथि उल्लेखित ब्यहोराको अतिरिक्त हामीले गरेको लेखा परीक्षण तथा हामीलाई प्राप्त सूचना एवं उपलब्ध स्पष्टिकरणको आधारमा निम्नानुसारको थप प्रतिबेदन पेश गर्दछौ :

क। हामीले लेखापरीक्षणको लागी आवश्यक ठानेका सबै सूचना तथा स्पष्टीकरणहरु यथा सिघ्र पायौ ।

ख) हाम्रो बिचारमा कम्पनीले आफ्नो हिसाब किताब प्रचलित कानुन अनुसार ठीकसंग राखेको छ ।

ग) यस प्रतिबेदनसंग सम्बन्धित बासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह बिवरण तथा तत्सम्बन्धी अनुसूचिहरु, बिमा ऐन २०४९ र नियमावली, २०४९ बमोजिम तोकेको ढाचा (Form) तथा कम्पनीले **राखेको लेखासंग** दुरुस्त रहेका छन् ।

Telephone No. 977-1-4428360, Fax No. 977-1-4428361, E-mail : nemlal@mail.com.np

घ) हाम्रो रायमा कम्पनीले असमाप्त जोखिमको लागी पर्याप्त जगेडा बिमा ऐन २०४९ र नियमावली, २०४९ बमोजिम राखेको छ ।

ङ) हाम्रो रायमा, हामीलाई प्राप्त जानकारी र हामीलाई दिएको स्पष्टीकरण तथा हामीले परीक्षण गरेका श्रेष्ताहरुबाट, सञ्चालक समिति वा कुनै सदस्य वा कुनै कर्मचारीले कानुनी ब्यवस्था बिरुद्ध कामकाज गरेको, कम्पनीलाई हानी-नोक्सानी गरेको वा कम्पनीको सम्पत्ति हिनामिना गरेको हाम्रो जानकारीमा आएन ।

Manish Amatya
सिए मनिष अमात्य
पार्टनर
नि. एन.अमात्य एण्ड कम्पनी
चार्टड एकाउन्टेन्टस्

मिति : २०७१।९।२१५
स्थान : काठमाण्डौ